# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०२।११ गते ।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला नवलपरासी (ब.सु.पू.) विनयी त्रिवेणी गाउँपालिका वडा नं. २ बस्ने कृष्णबहादुर खन्गाहाले शिक्षक पदमा जागिर खाने गरी सेवा प्रवेश गर्दा नक्कली प्रमाणपत्र पेश गरी जागिर खाँदै आएकोले निजको प्रमाणपत्र छानविन हुन भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज कृष्णबहादुर खन्गाहाले श्री भवानी माध्यमिक बिद्यालय, नवलपरासीमा मिति २०५९/०८/०१ देखि लागू हुने गरी अस्थायी प्रा.वि. तहको शिक्षकको ओहदा पाउन तथा मिति २०७५/१२/२९ देखि सोही श्री भवानी माध्यमिक बिद्यालयको प्रा.वि. तहको स्थायी शिक्षकमा नियुक्तिका लागि भारतीय बोर्ड Nagaland Board of School Education, Kohima बाट जारी भएका भनिएका Admit Card, Mark-sheet and Migration Certificate लगायतका योग्यता सम्बन्धी झुट्टा विवरण एवं सो सम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरी नियुक्ति लिई हाल मणिसंगम माध्यमिक बिद्यालय विनयी त्रिवेणी गाउँपालिका-२, नवलपरासी (ब.सु.पूर्व) मा प्राथमिक तह तृतीय श्रेणी शिक्षक पदमा कार्यरत रही ओहोदा, लाभ र सुविधासमेत प्राप्त गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी